# मिति २०७४ फागुन २५ गते गरिएको तारकेश्वर नगरपालिकाको स्थलगत अनुगमनका निर्णयहरु :

जिल्ला अनुगमन समितिका संयोजक एवं काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी, जि.स.स. काठमाडौंका प्रमुख, तारकेश्वर नगरपालिकाका का.वा. प्रमुख लगायत उल्लेखित पदाधिकारी/ कर्मचारीहरुबाट तारकेश्वर नगरपालिका भित्र ढुंगा, गिट्टी, माटो, वालुवा उत्खनन, प्रशोधन र ओसारपसार गर्नेक्रममा भैरहेको, गतिविधिहरुको जानकारी प्राप्त गर्ने उद्देश्यले नगरभित्र प्राकृतिक स्रोत उत्खनन भईरहेको विभिन्न स्थानहरुको स्थलगत अनुगमन पश्चात देखिएका विभिन्न समस्याहरुवारे छलफल गरी देहाय वमोजिम निर्णय गरियो ।

**निर्णय नं. १ :**

तारकेश्वर नगरपालिकाले नगरक्षेत्र भित्र कोही कसैलाई ढुंगा, गिट्टी, वालुवा, माटो उत्खनन गर्न स्वीकृती दिएको भएमा क-कसलाई (व्यक्ति/संस्था) लाई के कति परिमाण के कति क्षेत्र भित्रबाट झिक्न दिएको हो ? सो को लिखित जानकारी जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय र महानगरीय प्रहरी परिसरलाई यथाशिघ्र उपलव्ध गराउने ।

**निर्णय नं. नं. २ :**

तारकेश्वर नगरपालिका वडा नं. २ स्थित कालिदेवी माध्यमिक विद्यालयको पश्चिम उत्तर (शान्तिधामको दक्षिण) तर्फ स्वीकृती नलिई ठूलो क्षेत्रमा जथाभावी ढिस्को खन्ने काम भईरहेको पाइएकोले आवश्यक मापदण्ड पुरा गरी सम्वन्धित सरकारी निकायबाट स्वीकृती नलिएसम्म सो कार्यमा न.पा.ले तत्काल रोक लगाउने ।

**निर्णय नं. नं. ३ :**

नगरपालिका वा अन्य सम्वन्धित सरकारी निकायबाट स्वीकृती नलिई उत्खनन/संकलन गर्न नदिन स्थानीय प्रहरीसंग समेत समन्वय गरी न.पा.ले अनुगमन गर्ने । जिल्लास्तरको सहयोग चाहिएमा जिल्ला समन्वय समितिमा अनुरोध गरी पठाउने र जि.स.स.ले सम्वन्धित निकायसंग आवश्यक समन्वय गर्ने । आधिकारिक निकायको स्वीकृती नलिई ढुंगा, माटो, वालुवा उत्खनन तथा प्रशोधन भईरहेको पाइएमा महानगरीय प्रहरी प्रभाग वालाजुले नगरपालिकासंग समन्वय गरी त्यस्तो कार्य हुन नदिने ।